स्थानीय सरकार

घोराही उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

पत्र संख्या २०८३/०८४

चलानी नं : 2407

मिति : २०८३।०८।०८

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू,
घोराही उपमहानगरपालिका दाङ ।

विषय: बैदेशिक रोजगार सन्तती छात्रवृत्ती सहायताका लागि निवेदन पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा बैदेशिक बोर्डको सचिवालय बबरमहल, काठमाडौंको मिति २०८३/०८/०४ गते प्रकाशित सूचना अनुसार बैदेशिक रोजगार बोर्डको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक योजना, कार्यक्रम तथा बजेट अनुसार श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा गई मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका तथा नयाँ श्रमिकका सन्ततिहरूलाई छात्रबृत्ति प्रदान गर्ने कार्यक्रम (वार्षिक एकमुष्ठ आधारभूत तह रु १२०००।- र माध्यमिक तह रु१६०००।-) रहेकोले विद्यालयमा अध्यनरत विद्यार्थी तथा उनीहरुका अभिभावकलाई सूचना सम्प्रेषण गरी प्राप्त हुन आएका निवेदनहरू आवश्यक कागजात सहित सङ्कलन गरेर अनूसूची २ बमोजिम एकमुष्ठ रुपमा सिफरिस गरी यस उप-महानगरपालिको रोजगार सेवा केन्द्रमा मिति २०८३ पौष मसान्त सम्म कार्यालय समयभित्र पेश गर्नुहुन अनुरोध छ । साथै कुनै छात्रछात्राको निवेदन छुटेर छात्रबृत्ति पाउनबाट बञ्चित भएमा सम्बन्धित विद्यालय जवाफदेही हुनुपर्ने व्यहोरा समेत अनुरोध छ ।

थप जानकारीका लागि रोजगार संयोजकको सम्पर्क नम्बर : ९८५७८३४२०९

आवश्यक कागजात

सि नं	यस अघि देखिनै नियमित छात्रवृत्ति पाइरहेकाको हकमा :	आ व २०८३/०८३ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने
१	अनुसुचि १ बमोजिमको छात्रवृत्ति प्राप्तिको लागि निवेदन ।	अनुसुचि १ बमोजिमको छात्रवृत्ति प्राप्तिको लागि निवेदन ।
२	श्रमिकको राहदानीको प्रतिलिपि।	श्रमिकको राहदानीको प्रतिलिपि।
३	अनुसुची २ बमोजिमको अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस।	अनुसुची २ बमोजिमको अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस।
४	आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता चेकको प्रतिलिपि।	मृतकको हकमा मृत्युदर्ताको प्रमाणपत्र र विरामी तथा अंगभंग श्रमिकको हकमा विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सको प्रमाणपत्र।
५		विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि।
६		श्रमिक अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाणपत्रको प्रतिलिपि।
७		आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता चेकको प्रतिलिपि।

बोधार्थ: श्री १ देखि १९ वटै वडा कार्यालयहरू घोराही उप महानगरपालिका दाङ ।श्री सूचना प्रविधि शाखा घोराही उप महानगरपालिका दाङ (वेवसाइटमा सूचना अपलोड गरिदिनुहुन) ।

२०८३।०८

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

युवा, श्रम तथा रोजगार तथा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं ।

वैदेशिक रोजगार सन्ततती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सूचना !

सूचना प्रकाशित मितिः २०८३/०८/०४

वैदेशिक रोजगार बोर्डको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक योजना, कार्यक्रम तथा बजेट अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालयमार्फत शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका सन्ततीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहे अनुसार योग्यता पुगेका श्रमिक परिवार तथा सम्बन्धित सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. छात्रवृत्ति प्राप्त गर्ने लक्षित वर्गः

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगारु बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका श्रमिकका सन्ततती।
- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरू ।
- निवेदन दिने अन्तिम मितिसम्म शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका सन्ततीलाई मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ। कागजात पूर्ण भई प्राप्त भएका बखत नै सचिवालयबाट रकम भुक्तानी गरिनेछ।

२. छात्रवृत्तिको रकमको सीमाः

- आधारभूत तहमा अध्ययनरत विद्यार्थीका लागि वार्षिक रूपमा रू. १२,०००। (बाह्र हजार) र माध्यमिक तहमा अध्ययनरतका लागि वार्षिक रूपमा रू. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ ।
- एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रूपमा एकमुष्ट छात्रवृत्ति रकम बैंक खाता मार्फत उपलब्ध गराइनेछ। कक्षा दोहोरिएको हकमा छात्रवृति रकम पाइने छैन।

३. छात्रवृत्ति प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरुः

अ) यस अघि देखिनै नियमित छात्रवृत्ति पाइरहेकाको हकमाः

१. छात्रवृत्ति प्राप्तिको लागि निवेदन,
२. श्रमिकको राहदानीको प्रतिलिपि,
३. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
४. स्थानीय तहको सिफारिस
५. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि)।

आ) आ. व. २०८३/०८४ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राहरूले पेश गर्नुपर्ने कागजातः

१. छात्रवृत्ति प्राप्तिको लागि निवेदन,
२. श्रमिकको राहदानीको प्रतिलिपि,
३. मृतकको हकमा मृत्युदर्ताको प्रमाणपत्र र बिरामी तथा अंगभंग श्रमिकको हकमा बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सको प्रमाणपत्र,
४. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
५. स्थानीय तहको सिफारिस,
६. विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि,
७. श्रमिक, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
८. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

४. छात्रवृत्तिका लागि निवेदन पेश गर्ने अन्तिम मितिः २०८३ फागुन मसान्त । (२०८३ फागुन मसान्त भित्र आवश्यक सम्पूर्ण कागजात सहित विवरण Foreign Employment Welfare Information Management System-FEWIMS प्रणालीमा प्रविष्ट भईसकेको आवेदन मात्र छात्रवृत्ति उपलब्ध गराइने छ।)

५. विद्यार्थी एवं अभिभावकको जिम्मेवारी:

- सूचना प्राप्त भएपश्चात् आफ्नो स्थानीय तहको रोजगार सेवा केन्द्रमा रोजगार संयोजकसँगको समन्वयमा आवश्यक कागजात तयार गरी बोर्डको सचिवालयबाट सञ्चालित FEWIMS प्रणालीमा रोजगार सेवा केन्द्र मार्फत बोर्डको सचिवालयमा पठाउने।
- विद्यार्थी आफ्नो स्थायी ठेगाना भन्दा अन्यत्र पढ्ने भएमा नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नै स्थानीय तहबाट बनाई छात्रवृत्तिको निवेदन दिन सक्ने ।

६. विद्यालयको जिम्मेवारी:

- छात्रवृत्ति प्राप्त गर्ने योग्यता पुगेका विद्यार्थीहरुको निवेदन ग्रहण गरी विद्यार्थी अध्ययनरत कक्षा खुलाई सिफारिस प्रदान गर्ने।

७. स्थानीय तहको जिम्मेवारी:

- विद्यालयबाट प्राप्त वैदेशिक रोजगार छात्रवृत्ति सिफारिसको आधारमा छात्रवृत्तिका लागि बोर्डको सचिवालय समक्ष सिफारिस गर्ने।
- तोकिएको म्याद (२०८३ फागुन मसान्तभित्र) भित्र सचिवालयको FEWIMS प्रणाली मार्फत मसान्तभित्रमा छात्रवृत्तिका आवेदन प्रविष्ट गराइसक्ने व्यवस्था मिलाउने ।

नोटः थप जानकारीका लागि श्रमाधान कल सेन्टरको निःशुल्क सम्पर्क नम्बर ११४१ वा बोर्डको सचिवालयको फोन नं. ०१-५३२०३११/४३३/५६७ मा सम्पर्क गर्न सकिनेछ।

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा

मिति : .....

श्री प्रधानाध्यापकज्यू

.....

विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलग्न गरी पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको .....वैदेशिक रोजगारीका सिलसिलामा मिति ..... मा ..... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

संलग्न कागजातहरू

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्बर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्बर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२
(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)
विद्यालयको सिफारिसको ढांचा

मिति : .....

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
.....पालिका .....।

विषय : सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

क्र. सं.	विद्यार्थीको नाम	कक्षा	जन्म मिति	श्रमिकको राहदानी नं.	वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य	वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता	मृत्यु वा अशक्त	कैफियत

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,
(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नम्बर,
(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव